# ज्योति विकास बैंक लिमिटेडको
## चौथो वार्षिक साधारण सभामा भएको कामकारवाहीको विवरण (माइन्यूट)

यस ज्योति विकास बैंक लि.का सञ्चालक समिति अध्यक्ष श्री प्रचारमान सिंह प्रधानको अध्यक्षतामा मिति २०६८।०९।१३ गते (तदनुसार डिसेम्बर २८, २०११) बुधवार विहानको ११:०० बजे देखि दिउँसोको ३:२५ बजे सम्म राष्ट्रिय सभा गृह, प्रदर्शनी मार्ग, काठमाण्डौंमा बसेको बैंकको चौथो वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट) देहाय वमोजिम रहेको छ।

साधारण सभामा उपस्थिति, छलफलका विषयसूची, सूचना प्रकाशन, गणपुरक संख्या, सभाको वैधानिकता र अध्यक्षता, सभा संचालन तथा प्रतिबेदन प्रस्तुति, छलफलमा सहभागिता, छलफलका क्रममा ब्यक्त गरिएका मन्तब्य, प्रश्नोत्तर, सभाको निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण समेतको निर्णय पुस्तिका (माइन्यूट) देहाय बमोजिम छन्:

१. उपस्थिति:

(क) सञ्चालकहरुको उपस्थिति:

| | |
|---|---|
| १) श्री प्रचारमान सिंह प्रधान | - संचालक अध्यक्ष |
| २) श्री धुबराज भट्टराई | - संचालक सदस्य |
| ३) श्री विनोद कुमार ढकाल | - संचालक सदस्य |
| ४) श्री राम कुमार श्रेष्ठ | - संचालक सदस्य |
| ५) श्री हरि प्रसाद आचार्य | - संचालक सदस्य |
| ६) श्री केशव राज आचार्य | - संचालक सदस्य |
| ७) श्री ध्रुव कोइराला | - संचालक सदस्य |
| ८) श्री राम चन्द्र सिग्देल | - संचालक सदस्य |
| ९) श्री चन्द्रशेखर अधिकारी | - संचालक सदस्य |

(ख) अन्य पदाधिकारीहरुको उपस्थिति:

| | | |
|---|---|---|
| १) | श्री झलक प्रसाद खनाल | प्रमुख कार्यकारी अधिकृत |
| २) | श्री हेम राज राना भाट | नायव महाप्रवन्धक |
| ३) | श्री सुजन सुवेदी | सहायक महाप्रवन्धक |

JYOTI BIKASH BANK LTD. KAMALADI, KATHMANDU

| | | |
|---|---|---|
| ४) | श्री मदन कुमार महत | कम्पनी सचिव/प्रवन्धक/प्रमुख-कानून विभाग, मानव संसाधन विभाग |
| ५) | श्री राकेश प्रजापति | प्रमुख- लेखा विभाग/सामान्य सेवा विभाग |
| ६) | श्री सन्तोष दाहाल | प्रतिनिधि- कम्पनी रजिष्ट्रारको कार्यालय |
| ७) | श्री कृष्ण प्रसाद घिमिरे | प्रतिनिधि- नेपाल धितोपत्र बोर्ड |
| ८) | श्री रेशा के.सी | प्रतिनिधि- नेपाल स्टक एक्स्चेन्ज |
| ९) | एफ सि ए श्री ज्ञानेन्द्र बहादुर भारी | प्रस्तावित वाह्य लेखा परिक्षक |

(ग) शेयरधनीहरुको उपस्थिति:

| | | | |
|---|---|---|---|
| १) | उपस्थित शेयरधनीहरुको संख्या | | |
| (क) | शेयरधनी स्वयंबाट | ७१९ | जना |
| (ख) | प्रतिनिधि (प्रोक्सी) बाट | ३,७८५ | जना |
| २) | शेयरको प्रतिनिधित्व संख्या | ५६,४४,००० | कित्ता |
| ३) | शेयर संख्याको प्रतिनिधित्व प्रतिशत | ७६.२७ | प्रतिशत |

(घ) यस सभाको लागि ४७,५३० जना शेयरधनीहरु सभामा सहभागि हुन योग्य थिए ।

२. छलफलका विषयहरु:

(क) सामान्य प्रस्ताव:

(१) सञ्चालक समितिको आ.व.२०६७/०६८ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०६८ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६७/०६८ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने ।

(३) मिति २०६८/०६/१३ मा बसेको संचालक समितिको १०० औं बैठकले शेयरधनीहरुलाई ८.५०% का दरले नगद लाभांश प्रदान गर्न सिफारिस गरेकोले सो प्रस्ताव उपर छलफल गरि पारित गर्ने ।

(४) आर्थिक बर्ष २०६८/०६९ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (बि आर एस न्यौपाने एण्ड कं. का एफ सि ए श्री ज्ञानेन्द्र वहादुर भारीज्यू पूनः नियुक्त हुन योग्य हुनु हुन्छ । लेखा परिक्षणको पारिश्रमिक बापत रु.१,२०,०००।- दिई नियुक्तिको सिफारिश गर्ने ।)

ख) बिशेष प्रस्ताव

१) उपयुक्त अन्य बैंक तथा वित्तीय संस्थाहरुसंग गाभ्ने वा गाभिने (मर्जर) सम्वन्धमा प्रचलित ऐन कानून बमोजिम गर्नु पर्ने सम्पुर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी दिने सम्वन्धमा ।

२) बैंकको प्रवन्ध पत्र, नियमावली (संलग्न विवरण अनुसार) मा आवश्यक परिमार्जन/ संशोधन गर्ने ।

ग) विविध ।

JYOTI BIKASH BANK LTD.

३. **सूचना प्रकाशन:**

सञ्चालक समितिको मिति २०६८ साल मंसिर ४ गते आइतबार (तद्नुसार Sunday 20th. November, 2011) मा बसेको १०२ औं बैठकको निर्णयानुसार तथा कम्पनी कानूनमा भएको व्यवस्था बमोजिम यस ज्योति विकास बैंकको चौथो वार्षिक साधारण सभा मिति २०६८ पौष १३ (२८ डिसेम्बर २०११) मा वस्ने सूचना तथा बार्षिक प्रतिबेदन शेयरधनी महानुभावहरुको ठेगानामा पठाइएको, मिति २०६८।८।१२ गतेको 'कान्तिपुर' राष्ट्रिय दैनिक र मिति २०६८।८।२० गतेको 'नागरिक' राष्ट्रिय दैनिकमा साधारण सभाको जानकारी सम्वन्धी सूचना प्रकाशित गरिएको थियो साथै बैंकको Web Site मा सभा सम्बन्धी विवरणहरु राखिएको थियो ।

४. **गणपुरक संख्या:**

| विवरण | कुल संख्या | स्वयं उपस्थित | प्रतिनिधी मार्फत (प्रोक्सी) | जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | ४७,५३० | ७१९ | ३,७८५ | ४,५०४ | ९.४८ |
| शेयर संख्या | ७४,००,००० | १४,९३,९९० | ४१,५०,०१० | ५६,४४,००० | ७६.२७ |

५. **सभाको बैधानिकता तथा अध्यक्षता:**

कम्पनी सचिव/प्रवन्धक मदन कुमार महतले उपस्थित शेयरधनी महानुभावहरुलाई विकास बैंकको तर्फबाट स्वागत गर्दै कम्पनी ऐन, २०६३ को दफा ७३ तथा विकास बैंकको नियमावलीको नियम २३ बमोजिम शेयरधनीहरुको उपस्थिति र गणपुरक संख्या पर्याप्त रहेको व्यहोरा सभालाई अवगत गराउनु भयो र वैधानिक प्रकृया पुरा भएकोले सभाको अध्यक्षता ग्रहण गर्न संचालक समितिका अध्यक्ष श्री प्रचारमान सिंह प्रधानज्यूलाई अनुरोध गर्नु भयो र अध्यक्षज्यूले सभाको अध्यक्षता ग्रहण गर्नुभयो ।

कम्पनी सचिव/प्रवन्धकले विकास बैंकको वर्तमान संचालक समितिका सदस्यहरु तथा प्रमुख कार्यकारी अधिकृतज्यू लगायतका पदाधिकारीज्यूहरुलाई आसन ग्रहण गराउनु भयो ।

६. **सभा संचालन तथा प्रतिवेदन प्रस्तुति:**

कम्पनी सचिव/प्रवन्धकले सभाको शुरुवात गर्न सभाका सभाध्यक्षज्यूलाई अनुरोध गर्नु भयो । सभाध्यक्षज्यूले सर्वप्रथम सम्पूर्ण शेयरहोल्डर महानुभावहरुलाई ज्योति विकास बैंक लि. को चौथो वार्षिक साधारण सभामा हार्दिक स्वागत गर्दै संचालक समितिको तर्फबाट आ.ब. २०६७/६८ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो ।

तत्पश्चात सभाध्यक्षज्यूले सभा समक्ष सञ्चालक समितिको प्रतिवेदन सहितको बैंकको आ.ब. २०६७/०६८ को लेखा परिक्षकको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण छलफलका लागि प्रस्तुत गर्नु भई सो उपरको छलफलमा भाग लिन तथा यस बैंकको कारोवार सम्वन्धी विविध पक्षहरुमा आफ्नो विचार मन्तब्य तथा जिज्ञासाहरु ब्यक्त गर्नको लागि शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नु भयो ।

७. <u>छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरु</u> : छलफलका क्रममा निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो राय, जिज्ञाशा र सुझावहरु ब्यक्त गर्नु भयो ।

१) छत्रमान श्रेष्ठ

- म यस बैंकको भू.पु सचालक हुँ । मलाई संचालक पदबाट निर्वाचनको प्रकृयाबाट अरु संचालक मिलेर हटाइयो । निर्वाचन गराउँदैमा हुँदैन, कानूनी प्रकृया समेत पु-याउनु पर्छ ।
- मर्जर सम्वन्धमा ह्विम फैलिएको छ, वास्तविक डाटा केहि आएको छैन ।
- बैंकको नाममा पिक अप सहित ८ वटा गाडी रहेको देखिन्छ । जसको आवश्यकता छैन । शाखा धेरै खोलेर खर्च बढाउने कार्य गर्नु भएन ।
- ८.५० प्रतिशत लाभांश कम भयो, अरु कमर्सियल बैंकहरुले १४-१५ प्रतिशतसम्म दिएका छन ।
- खर्च घटाउ, नाफा बढाउ, बढी से बढी नाफा कमाएर बढी लाभांश वितरण गर ।

२) दामोदर रेग्मी

- ज्योति विकास बैंकको यो चौथो साधारण सभा भएपनि हामी सर्वसाधारण शेयरधनीहरुका लागि दोस्रो साधारण सभा हो ।
- समग्र बैंकिङ्ग क्षेत्रमा हुण्डरी आई रहेको अवस्थामा बैंकलाई यो अवस्थामा ल्याउनु भएकोमा बधाई दिन चाहन्छु ।
- १७ वटा शाखा खोलेर पनि बैंक यो अवस्थामा रहनु राम्रो हो ।
- NPA १.३४ प्रतिशत हुनु राम्रो होइन ।
- Micro-Hydro मा मुनाफा हुने भएकोले अध्यक्ष लगायत विज्ञहरुले विद्युतमा लगानी गरे राम्रो । तर सहि योजना पहिचान गरेर विद्युतमा लगानी गर्नु पर्छ ।
- ११ करोड अन्य लगानी देखिन्छ, यो अन्य लगानी भनेको के हो ?
- संचालकहरुको संख्या धेरै भएपनि अन्य संस्थाको जस्तो संचालक भत्ता सुविधामा खर्च बढी देखिन्न, प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक तथा सुविधा पनि अन्यत्रभन्दा कम नै देखिन्छ ।
- संचालकहरु Direction दिन वा Business ल्याउन सक्ने भएमा धेरै भएपनि केहि फरक पर्दैन, अन्यथा संचालकको संख्या घटाउनु पर्छ ।
- कर्मचारीहरुमा Reward र Punishment system हुनु पर्छ ।
- बैंकको Growth र Overall Performance हेरेर धन्यवाद् दिन चाहान्छु ।

JYOTI BIKASH BANK LTD. KAMALADI, KATHMANDU

३)	दिनेशराज पन्त

- ज्योति विकास बैंकप्रति शेयरधनीहरुको आस्था छ भन्ने कुरा यस्तो चिसो मौसममा सभागृहको यो ठूलो हल भरिभराउ भएबाट नै पुष्टि हुन्छ ।
- १४१ प्रतिशत मुनाफा बृद्धि गरि ८.५० प्रतिशत नगद लाभांश दिनु भनेको एकदमै राम्रो पक्ष हो ।
- व्यवसायिक विशेषज्ञ चन्द्रशेखर अधिकारीलाई स्वागत गर्दछु साथै वहाँको विशेषज्ञताको विषय पनि लेखेको भए राम्रो हुने थियो ।
- नेपाल राष्ट्र बैंकको पत्र जस्तै कम्पनीको पत्र पनि छापी दिएको भए राम्रो हुने थियो ।
- प्रतिवेदनको सूचनामा संचालक समितिको आज्ञाले कम्पनी सचिव लेखिएकोमा नाम समेत लेखेको भए राम्रो हुने थियो ।

४)	शिव प्रसाद शर्मा

- संचालकहरु एकजुट हुनु पर्दछ, संचालकहरुमा विवाद बढ्यो भने कम्पनी अँध्यारोतिर जान्छ । त्यसैले Team work को भावना हुनु पर्छ ।
- कुनै पनि Organization लाई माथि लैजान Target हुनु पर्दछ ।
- तीन तीन महिनाको तुलनात्मक विवरण दिएको भए राम्रो हुन्थ्यो ।
- अहिलेको अवस्था भनेको Wait and See को अवस्था हो, यस्तो स्थिति सृजना गर्नमा राष्ट्र बैंक र सरकार जिम्मेवार छन ।
- Lead Bank भई जलविद्युतमा लगानी गर्नुहोस् ।
- साधारण सभामा शेयरधनीले उठाएका कुराहरु प्रतिवेदनमा आउनु पऱ्यो ।

५)	डमरुबल्लभ घिमिरे

- देशको राजनैतिक परिस्थिति, अन्यौलको अवस्थामा बैंकलाई टिकाउन सक्नुलाई नै धन्यवाद् दिन पर्ने हुन्छ । छोटो अवधिमा नै ८.५० प्रतिशत लाभांश दिनु भएकोमा संचालकहरु तथा व्यवस्थापनलाई धन्यवाद् छ ।
- कति बैंकहरुले निक्षेप बढाउन सकेका छैनन् तर यस बैंकले कुल सम्पत्तिमा ५९.३७ प्रतिशतले, कुल निक्षेपमा ५९.०३ प्रतिशतले, कुल कर्जा तथा सापटमा ५५.४२ प्रतिशतले, कूल लगानी ४९१.८८ प्रतिशतले बृद्धि गरेको छ भने लगानीकर्ताहरुको चाहाना, इच्छाको कुरा कुल नाफामा १४१.४९ प्रतिशतले बृद्धि हुनु ज्यादै ठूलो कुरा हो, ज्यादै राम्रो कुरा हो ।
- मैले २८७ वटा बैंक तथा वित्तीय संस्था एवं कम्पनीहरुको Balance Sheet को विश्लेषण गरेको छु । यस बैंकको वित्तीय विवरण अनुसार बैंकप्रति निर्धक्क भए हुन्छ ।
- कृपया संचालक समितिमा गुट उपगुट नगरिदिनु होस् ।
- यो बैंक विद्युत प्राधिकरण जस्तै नहोस ।
- साधारण सभालाई Bypass नगरियोस ।
- संचालकहरुले काम गरेर देखाउनु भएकोले सुविधा बृद्धिको प्रस्ताव स्वागतयोग्य छ ।

६)	अमृतनाथ रेग्मी

- म नितान्त Professional हिसावले विश्लेषण गर्न चाहान्छु ।
- General Reserve र Equity को Ratio कम छ ।

JYOTI BIKASH BANK LTD.

- Borrowing Strategy मा गएमा राम्रो हुन्छ ।
- Deposit Structure लाई CASA Method बाट विश्लेषण गरिन्छ, यसबाट हेर्दा राम्रो हुन्छ होला ।
- Term Lending पट्टि जोड दिए राम्रो हुन्छ ।
- Other Income बढाएर लानु पर्ने देखिन्छ ।
- Staff Expense र Overhead Expense मा कन्ट्रोल गर्नु पर्ने देखिन्छ ।
- Return on Equity १५ देखि २० सम्म चाहिन्छ ।
- Total Market मा हामीले ४ प्रतिशतमात्र होल्ड गरेका छौं, यसलाई कसरी बढाउने भन्ने सोच्नु पर्दछ ।
- म KYC (know Your Customer) होइन KYS (Know Your Shareholders) भन्छु । त्यसको लागि Dividend warrant लाई cross check गरि घर घरमा पठाउने व्यवस्था गरि दिनु हुन भन्दछु ।
- Promotors बीचको समस्या एकआपसमा नै छलफल गरी यहाँ नल्याउनु होला ।
- Specific Investment program का लागि Deposit बढाउनु पर्ने । जस्तै : Deventure Strategy अपनाउनु पर्ने ।
- धेरै कुरा Balance sheet मा राम्रो भए पनि केही कमी छन ।
- लगानीको लागि Life Insurance Sector उपयूक्त हुन्छ ।
- Doubtful Loan लाई Control गर्नु पर्ने देखिन्छ ।
- कर्मचारीलाई विदेशमा पनि तालिमका लागि पठाउनु पर्छ ।
- Contingent Liabilities बढाउनु राम्रो हो, त्यता ध्यान जाओस ।
- वर्षको एकचोटी सम्वन्धित Borrower को Visit गरि रिपोर्ट बनाउनु होला ।

७) अमिर दाश रन्जित

- पौषभित्रै साधारण सभा गर्नु भएकोमा धन्यवाद् ।
- Dividend ८.५० प्रतिशत छ, ठिकै हो तर अर्को वर्ष यो भन्दा बढ्छ की बढ्दैन ?
- Profit मा १४१ प्रतिशत बृद्धि भएको छ, राम्रो हो तर अर्को वर्ष कस्तो हुने हो त ?
- शेयरको बजार मूल्य ८५ रुपैयामा झरेको छ, अब लगानीकर्तालाई कसरी विश्वासमा लिएर जाने त ?

८) जयन्द्रमान सिंह बानियाँ

- दुई वर्षको उपलब्धि केलाउँदा Business बढेको भएपनि हाम्रो अपेक्षाभन्दा कम छ ।
- हामी नोक्सानीमा छैनौ, वित्तीय परिसूचक सबै राम्रा छन तरपनि बजारमा हाम्रो सम्पत्तिको Value घट्दो छ । सुधारका विकल्प अपनाउनु पर्‍यो ।
- Foreign Exchange को उपलब्धि नगन्य छ ।
- Capital Adequacy बढी देखिन्छ, सदुपयोग गर्नु पर्‍यो ।
- NPL १.३४ प्रतिशत, बढी भयो ।
- Investment Portfolio Management गर्दा Tourism Sector तर्फ पनि गरौ ।

JYOTI BIKASH BANK LTD. KAMALADI, KATHMANDU

- आगामी वर्ष कम्तिमा १० प्रतिशत लाभांश दिन के कस्तो नीति लिनु पर्ने हो सोचौ ।
- Asset Quality मा हेर्दा Doubtful Loan मा बढी भएकोले ध्यान दिनु पर्ने ।
- Merger मा जाँदा Culture हेरेर जानु पर्ने हुन्छ । Merger पछि राम्रोसंग जान सक्छ कि सक्दैन धेरै सोचविचारका साथ लाग्नु पर्छ ।

९) गोविन्द रिजाल

- बैंकिङ्ग क्षेत्रमा सुनामी आएको बेलामा बैंक टिक्नु राम्रो हो तर लाभांश ८.५० प्रतिशत कम भयो ।
- अन्दाधुन्दढंगबाट लगानी गर्नु भएन, धैर्य गरेर लगानी गरि दिनु हुन अनुरोध छ ।
- एक प्रतिशत लाभांश काटेर गरिव र असहाय जनतालाई बाँडौ भन्ने व्यक्तिगत अनुरोध छ । एक गाँस कम खाएर भए पनि दुःखी जनताको सहयोग गरौं ।

१०) मोहन दंगाल

- ८.५० प्रतिशत लाभांशको लागि सबैलाई बधाई ।
- Parliament को जस्तो भाषण गर्नुभन्दा कहाँ राम्रो लगानी गर्ने भन्ने सम्वन्धमा ज्ञाता र विशेषज्ञले बोल्ने र शेयरहोल्डरले सुन्ने गर्नु राम्रो हो ।

११) व्यास कुमार शर्मा

- वार्षिक प्रतिवेदन समयमा नै पाइएन ।
- Growth राम्रो छ, Income Statement पनि राम्रो छ, Cash Flow Positive छ, Deposit Mobilization राम्रो छ । Spread rate राम्रो छ, ह्रासकट्टी २० प्रतिशत ले गर्नु राम्रो हो ।
- ४ वर्षमा ८.५० प्रतिशत लाभांश दिएको कम भयो ।
- CEO ले राजिनामा दिएको भन्ने सुनिन्छ, त्यस्तो हो भने पाईलट विनाको प्लेनको स्थिति होला ?
- नामको लागि मात्र मर्जरको प्रस्ताव ल्याउनु भएन, Real Sense मा आउनु पर्‍यो । ३ अरवको Balance Sheet ले अब हुँदैन ।
- Profit कम भयो, Profit बढाउनका लागि CD Ratio अनुसार लगानीमा जोड दिनु पर्‍यो ।
- NPA Control गर्नु पर्ने, Fixed Assets मा खर्च बढी देखिन्छ, नकमाउने सम्पत्ति जोड्ने तर्फ नलागौं ।
- राष्ट्र बैंकको कर्जा सम्वन्धी Remarks बारे ध्यान दिनु होस् ।

१२) श्याम बहादुर श्रेष्ठ

- ४ वर्षपछि ८.५० प्रतिशत नगद लाभांश पाउँदा केहि हर्ष भएपनि शेयर मूल्यमा गिरावट आएकोले चिन्ता पनि बढेको छ । Management को कमजोरीपनले हो कि ?
- बैंकको Image कसरी बढाउन सकिन्छ भन्नेतिर सोच्नु पर्‍यो ।
- हाइड्रोमा लगानी गर्नु राम्रो हो तर सबै हाइड्रो प्रोजेक्ट चिलिमे जस्ता हुँदैनन्, विशेष गरि साना जलविद्युतमा लगानी गर्दा धेरै विचार गर्नु पर्छ ।

JYOTI BIKASH BANK LTD. KAMALADI, KATHMANDU

- विद्युतमा लगानी गर्दा एउटै बैंकले ९०/९५ प्रतिशत लगानी गर्नु खतराजनक हुन सक्छ । त्यसैले ४/५ वटा बैंकहरु मिलेर Consortium मा जानु पर्छ ।

१३) महेश्वर फुयाल

- वार्षिक प्रतिवेदन तथ्यपरक रुपमा आएको छ ।
- विद्युत प्राधिकरणको प्राविधिक सीपको उपयोग गरेर लगानी बढाउनु पर्छ ।
- शाखा बृद्धि भनेको व्यवसायको क्षेत्र विस्तार पनि भएकोले राम्रो हो ।
- यो बैंक Commercial Bank होइन विकास बैंक हो । यसको गति विस्तारै बढ्दै जान्छ, त्यसैले ८.५० प्रतिशत लाभांश दिएकोमा पूर्ण सन्तुष्टी छ ।
- CEO को राजिना सुनिएको छ, के हो ?
- भक्तपुरको च्याम्हसिंह, असन र जोरपाटीमा ATM संचालन हुनु पर्‍यो ।
- मर्जर गर्दा गणितीय हिसावले ठिक हुनेसंग गर्नु पर्छ ।

१४) नरसिंह लाल चखुँ

- ८.५०% लाभांशको लागि धन्यवाद दिन चाहन्छु । आगामी दिनहरुमा पनि शेयरधनिहरुको हितलाई ध्यानमा राखेर अगाडी बढ्न पर्छ ।
- CEO को राजीनामा किन आयो र CEO को राजीनामा स्विकृत गर्नु हुन्न भन्ने मेरो राय छ ।
- कर्मचारीको व्यवहार राम्रो हुनु पर्‍यो ।
- पिछडिएका र कमजोर वर्गलाई पनि सहयोग गर्नु पर्‍यो ।
- Risk Management गत साल भन्दा यस साल NPL बढेको छ । Credit Risk लाई ध्यान दिनु पर्‍यो ।
- SWOT Analysis मा पछाडी परेको हो की ?
- विज्ञापन खर्च बढेको छ, त्यस अनुसार प्रगति कतिको बढेको छ ?
- System Management लाई बलियो बनाऔं ।

१५) उद्धव प्रसाद घिमिरे

- Dividend policy आउनु पर्छ ।
- CEO ले राजिनामा दिएको हो कि होइन ।
- Risk घटाउने प्रकारले अघि बढ्नु पर्छ ।
- संचालन खर्च घटाउनु पर्छ ।
- कम्पनीको Vision राम्रो हुनु पर्छ ।
- गुणस्तरिय सम्पत्ति तर्फ ध्यान दिनु पर्छ ।
- अर्को वर्ष २ Digit मा Dividend आउनु पर्छ ।
- PE Ratio उच्च राख्नु पर्‍यो र Meeting भत्ता खाने मात्र काम गर्नु भएन ।

१६) भरत खड्का

- बैंकका कुराहरु बाहिर गर्ने होइन ।

JYOTI BIKASH BANK LTD.

- CEO को राजिनामा हल्लाले पनि हानी पुगेको छ ।
- मान्छेलाई जति भए पनि पुग्दैन तर ८.५०% दिनु राम्रो हो ।

१७) लभराज जोशी

- लाभांशको लागि आभार प्रकट गर्न चाहान्छु ।
- नेपाल राष्ट्र बैंकले, बैंक तथा वित्तीय संस्थाहरुलाई Interest Bearing Account खोल्न नपाउने प्रावधान ल्याएकोले अबका दिनमा धेरै बैंक तथा वित्तीय संस्थाहरुलाई नराम्रो असर पर्ने स्पष्ट छ ।
- लाभांश कहिले देखि बाँड्ने योजना छ, जानकारी दिनु पऱ्यो ।

१८) रामगोपाल महर्जन

- ४ वर्षमा बैंकको शाखा विस्तार क्रम बढ्दो देखिन्छ । यसले डिपोजिट बढाउन पनि मद्धत गरोस ।
- जग्गा किनेर भवन बनाउनु भन्दा भवन नै खरिद गर्नु राम्रो हो । आफ्नै भवन भएमा शेयर मूल्य पनि बढ्न सक्छ ।
- निस्कृय कर्जा घटाउने तर्फ, विज्ञापन खर्च कम गर्ने तर्फ ध्यान दिनु पर्छ ।
- ४ वर्षमा यस्तो राम्रो गरेका छौ, त्यसैले मर्जरमा जानु हुँदैन, हामीले नै राम्रो गर्नु पर्छ ।

१९) सुनिता थापा

- राष्ट्रिय अन्तर्राष्ट्रिय समस्याहरुका वावजुद बैंकलाई यँहासम्म ल्याई पुऱ्याएकोमा धन्यवाद । CEO को लामो अनुभवले पनि यो सम्भव भएको हो ।
- कर्मचारी धेरै होईन दक्ष बनाउनु पर्छ, ग्राहकसंग गर्ने व्यवहारको लागि Hospitality Training दिनु पर्छ । खर्च कटौती गर्नु पर्छ ।
- Positive Thinking गरि आपसी विश्वासमा अभिबृद्धि गरौ ।
- हाईड्रोमा लगानी गर्दा Goal Setting गरेर अगाडी जानु पर्छ ।
- शाखा बृद्धि गर्दै, निक्षेप बढाउदै जाने र अझै सस्तो व्याजदरमा लगानी गर्न सके झनै राम्रो हुन्छ ।

२०) रोज कुमार श्रेष्ठ

- लाभांश दिएको राम्रो हो, आगामी दिनमा अझै राम्रो होस् ।
- सम्भावित नोक्सानी व्यवस्था बढेको देखिन्छ ।
- लगानी बढ्दै गएकोले राम्रो प्रतिफल आउला भन्ने आशा लिन सकिन्छ ।
- ATM बाट आम्दानी भन्दा खर्च बढी हुने भएकोले अति आवश्यक ठाउँमा मात्र राखियोस् । ATM फेसन जस्तो भएको छ ।
- प्रतिशेयर नेटवर्थ दिनु पऱ्यो ।

२१) हरि सुवेदी

- Loan Loss Provision आगामी वर्ष बढ्ने हो की भन्ने डर लाग्छ ।

JYOTI BIKASH BANK LTD. KATHMANDU

- ११ करोड लगानी के हो ?
- समग्रमा ८.५० लाभांश केही राहत हो । जिरी खोलामा हाम्रो लगानी डुब्छ कि डुब्दैन ?
- कमजोर शाखालाई Micro Credit Activity तर्फ लगाउन सकिने ।
- २ Digit मा Dividend दिन सक्ने नसक्ने भन्नेमा शंका छ ।
- Management ले शेयरहोल्डर संग सहकार्य गरोस् ।
- ज्योति विकास बैंकको Lead Role हुने गरि क्षेत्रीयस्तरको बैंकहरु संग Merger मा जाउँ ।
- Merger गर्नु अनिवार्य छ किनकी अब राष्ट बैंकले Paid up Capital दुई अर्ब पुऱ्याउँदैछ ।
- CEO ले राजिनामा किन दिएको ?

२२) शुप्रभात भण्डारी

- विश्वमा आर्थिक मन्दि आएको छ, नेपालमा पनि कति बैंकहरु धरासायी भएका छन् तर ज्योति विकास बैंकले ८.५० प्रतिशत नगद लाभांश दिएको छ, यो सकारात्मक पक्ष हो ।
- अघि बोल्ने महिला बक्तालाई आदर प्रकट गर्दछु र संचालकमा महिला प्रतिनिधि पनि रहने व्यवस्था होस ।
- संचालकहरुको सुविधा बृद्धि गर्नु पर्छ, जसले गर्दा सजग र जागरुक भएर काम गर्छन । मह काट्नेलाई हात चाट्न दिनु पर्छ ।
- Customer Care मा बस्ने कर्मचारीहरुलाई Councelling गर्नु पर्छ । ग्राहक भनेका भगवान हुन भन्ने मान्यताबाट कर्मचारीहरु अघि बढ्नु पर्दछ ।
- फजुल खर्च घटाउ, आवश्यक खर्चमा कन्जुस्याई नगरि आम्दानी बढाउ भन्ने सिद्धान्त लागू होस ।
- खराब कर्जा घटाउन लाग्नुस, २ अंकको लाभांश दिन सफल हुनुहोस्, शुभकामना ।

२३) महेन्द्र बहादुर श्रेष्ठ

- लाभांशको लागि धन्यवाद ।
- राष्ट्र बैंकको कारणले बैंक तथा वित्तीय संस्थाहरुलाई गाह्रो परेको हो र संचालकहरुको जिम्मेवारी पनि धेरै बढेको छ ।
- मर्जर भन्दैमा हुँदैन यसले बिगार्न पनि सक्छ, सपार्न पनि सक्छ त्यसैले होस पुऱ्याएर काम गर्नु होला ।
- शेयर बजार, रियल इस्टेट क्षेत्र धरासायी अवस्थामा छन, बैंकिङ्ग क्षेत्र पनि संकटको अवस्थामा छ ।
- हाइड्रो सेक्टरमा लगानी गर्नु राम्रो हो । यो क्षेत्रमा ठूलो लगानीको आवश्यकता पर्दछ । तर नियमन निकाय राष्ट्र बैंकले हाइड्रो सेक्टरमा लगानी गर्नेलाई र अन्यलाई एउटै ढंगको व्यवहार गर्ने हुनाले कर्जामा अलिकति तलमाथि भयो कि ठूलो मात्रामा Provision गर्नु पर्ने हुनाले नोक्सानीमा जान्छ, त्यसैले अन्य कमर्सियल बैंकहरुले जस्तै व्यवसाय गरि नाफा बृद्धि गर्ने तर्फ लाग्नु पर्छ ।

JYOTI BIKASH BANK LTD.

- AGM दशैं अगाडी नै गर्नु पर्‍यो ।

लिखित राय, जिज्ञासा र सुझावहरु प्रस्तुत गर्ने शेयरधनी नभएको सभालाई अवगत गराइयो ।

८. <u>शेयरधनी महानुभावहरुले प्रस्तुत गर्नु भएको राय, जिज्ञासा, मन्तव्य तथा सुझावहरु एवं सभाध्यक्षज्यू स्वयम् र सभाध्यक्षज्यूको अनुमतिले प्रमुख कार्यकारी अधिकृतको जवाफ:</u>

- समिक्षाहरु सकारात्मक र रचनात्मक छन् । कर्जा, गुणस्तर, प्रतिफल, Performance संग सरोकार राख्ने सुझाव हुनुका साथै बैंकको भविष्यसंग सम्वन्धित भएकाले धन्यवाद् दिन्छु ।

- चौथो वार्षिक साधारण सभा भएतापनि प्रतिफल दिन प्रस्ताव गरिएको कमाई तीन वर्षको मात्र हो, चौथो वर्षको होइन । यहि गतिमा गएमा आगामी वर्ष राम्रो प्रतिफल दिन सक्छौं । आउँदो वर्ष १०.६० प्रतिशत लाभांश दिने लक्ष्य अनुरुपको वजेट विनियोजन गरिएको छ । परिस्थिति अनुकूल रहोस भनि सबैले शुभकामना राखौं ।

- Lending Structurization र Deposit Structurization को कार्यक्रम तथा कर्मचारीहरुका लागि Training को कार्यक्रम राखिएको छ, सोही अनुरुप गरिने छ ।

- रियल इस्टेट र शेयर मार्केटको अवस्थाले गर्दा ऋणीको Repayment Capacity घटेको छ । जसले गर्दा Default को अवस्था बढ्दै गएकोले NPL बढेको हो, यसलाई घटाउनका लागि उच्च सतर्कताका साथ लागेका छौं ।

- शेयरको मूल्य बढाउन कुनै नियमसंगत उपाय भएमा हामी पुरा गर्ने छौं । शेयर घटबढ हुन Demand And Supply को सिद्धान्त लागू हुन्छ । हाम्रो बैंकको शेयर बजारमा २८ लाखभन्दा बढी कित्ताको Flow रहेको छ । समग्रमा यो संख्या धेरै हो । Supply बढी Demand कम भएर पनि शेयर मूल्य घटेको हुन सक्छ ।

- मर्जर के का लागि र को संग गर्ने भन्ने सम्वन्धमा अवश्य सोच्नु पर्दछ । भोलि बाध्य भएर यो त्यो कम्पनीसंग मर्जर गर भनेर बाध्यात्मक रुपमा जानु र अहिले आफैले छानेर, सोच विचार गरेर गर्न पाउने अवस्था भनेको अवश्य नै राम्रो हो । राष्ट्र बैंकको नीति पनि बैंक वित्तीय संस्थाहरुलाई मर्जर गराएर संख्या घटाउनु रहेको देखिन्छ भने भोलि पूँजी बढाउनु पर्ने अवस्था आउन सक्ने भएकोले पूँजी बृद्धि गर्ने अहिलेको अवस्थामा मर्जर वाहेक अर्को विकल्प छैन । Clientele Base बढाउन Territorial Coverage गर्न र Business Growth एवं बैंकलाई Stable बनाउन मर्जर नै एक मात्र विकल्प हो ।

JYOTI BIKASH BANK LTD. KAMALADI, KATHMANDU

- प्राप्त रचनात्मक एवं सकारात्मक राय सुझावलाई कार्यान्वयनका लागि पहल गर्ने प्रतिवद्धता सहित आफ्नो अमूल्य समय दिई बैंकको यस चौथो वार्षिक साधारण सभालाई सफलतामा पुऱ्याउन सहयोग गरिदिनु भएकोमा हार्दिक आभारका साथ धन्यवाद व्यक्त गर्दछौं ।

९. प्रस्ताव माथि छलफल तथा निर्णयहरु:

(१) सञ्चालक समितिको आ.व.२०६७/०६८ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

- सभाका अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको सञ्चालक समितिको आ.व.२०६७/०६८ को वार्षिक प्रतिवेदन माथि छलफल गरी सर्वसम्मतिबाट पारित भयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०६८ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६७/०६८ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने ।

- सभाका अध्यक्षज्यूले लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०६७/०६८ को वासलात, नाफा–नोक्सान हिसाव र नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने प्रस्ताव सभामा प्रस्तुत गर्नु भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

(३) मिति २०६८/०६/१३ मा बसेको संचालक समितिको १०० औं बैठकले शेयरधनीहरुलाई ८.५०% का दरले नगद लाभांश प्रदान गर्न सिफारिस गरेकोले सो प्रस्ताव उपर छलफल गरि पारित गर्ने ।

- सभाका अध्यक्षज्यूले मिति २०६८ आश्विन ९ गते बसेको ९९ औं र २०६८ आश्विन १३ गते बसेको १०० औं संचालक समितिको बैठकले शेयरधनीहरुलाई नेपाल राष्ट्र बैंकको स्विकृती लिई आ. व. २०६७/०६८ सम्म विकास बैंकले आर्जन गरेको Accumulated Profit बाट ८.५० प्रतिशत नगद लाभांश वितरण गर्न वार्षिक साधारण सभामा सिफारिश गरेको निर्णय अनुमोदन गरियो ।

(४) आर्थिक बर्ष २०६८/०६९ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

- बैंकको चालु आ.ब. २०६८/०६९ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने सम्वन्धी प्रस्ताव उपर विस्तृत छलफल पश्चात बैंकको आ.ब. २०६८/०६९ को हरहिसावको लेखापरीक्षण गर्नको लागि बिआरएस न्यौपाने एण्ड कं. का तर्फबाट एफ सि ए श्री ज्ञानेन्द्र

JYOTI BIKASH BANK LTD. KAMALADI KATHMANDU

बहादुरभारीज्यूलाई नियुक्ति गर्ने र निजलाई आ.ब. २०६८/०६९ को हरहिसावको लेखापरीक्षण शुल्क कर बाहेक रु. १,२०,०००/- (अक्षेरुपी एक लाख बीस हजार रुपैंया) पारिश्रमिक दिने सर्वसम्मतीबाट निर्णय पारित गरियो ।

ख) बिशेष प्रस्ताव

१) उपयुक्त अन्य बैंक तथा वित्तीय संस्थाहरुसंग गाभ्ने वा गाभिने (मर्जर) सम्वन्धमा प्रचलित ऐन कानून बमोजिम गर्नु पर्ने सम्पुर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी दिने सम्वन्धमा ।

- सभाका अध्यक्षज्यूले सभा समक्ष विशेष प्रस्ताव अन्तर्गत यस ज्योति विकास बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरुबीच गाभ्ने वा गाभिने (मर्जर) सम्वन्धमा आवश्यक निर्णय गर्ने सम्वन्धमा उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्न, गाभ्ने वा गाभिने सम्वन्धमा सहमती/सम्झौता गर्न, विकास बैंकको सम्पत्ति तथा दायित्व (Assets and Liabilities) र पछिल्लो कारोवारको मूल्याङ्कन गर्न (Due Diligence Audit) मूल्याङ्कनकर्ता नियुक्त गर्न तथा निजको पारिश्रमिक निर्धारण गर्न, नाम परिवर्तन गर्नु पर्ने भएमा सो को लागि निर्णय गर्न, कर्मचारी व्यवस्थापनका लागि आवश्यक निर्णय गर्न, आवश्यक समिति, उपसमितिको गठन गर्न, अन्य जुनसुकै निकायबाट मर्जर सम्वन्धमा स्विकृति लिनु पर्ने भएमा लिन, तथा मर्जर सम्वन्धमा प्रचलित ऐन कानून, नीति निर्देशन अनुसारका आवश्यक सम्पुर्ण कार्य गर्न र गाभ्ने वा गाभिने प्रयोजनका लागि प्रवन्धपत्र, नियमावली लगायत अन्य विषयमा शंसोधन गर्नु परेमा अर्को साधारण सभाबाट अनुमोदन गराउने गरि शंसोधन समेत गर्न सक्ने गरि साधारण सभाबाट गर्नु पर्ने सम्पूर्ण कार्य गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मतीले निर्णय भयो ।

२) बैंकको प्रवन्ध पत्र, नियमावली (संलग्न विवरण अनुसार) मा आवश्यक परिमार्जन/ संशोधन गर्ने ।

- सभाका अध्यक्षज्यूले सभा समक्ष विशेष प्रस्ताव अन्तर्गत नै विकास बैंकको नियमावलीको नियम ३२(घ) मा संचालकहरूको अन्य सुविधा साधारण सभाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ भन्ने प्रावधान अन्तर्गत नियम ३२(घ) मा उपखण्ड (अ) थप गरि नियमावलीमा संशोधन गर्नु पर्ने भएकोले नियमावलीको नियम ३२(घ)(अ) अन्तर्गत "अध्यक्ष र अन्य संचालकहरूलाई टेलिफोन, मोवाइल, ईन्टरनेट र पत्रपत्रिका सुविधा वापत प्रति महिना रु. २,५००/-(दुई हजार पाँच सय) प्रदान गरिनेछ ।" भन्ने प्रावधान थप गरि बैंकको नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव माथि छलफल गरी नियमावलीमा देहाय वमोजिमका थप उपखण्ड राखि संशोधन गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

JYOTI BIKASH BANK LTD. KAMALADI, KATHMANDU

नियमावलीमा गर्नु पर्ने संशोधन

| साविक व्यवस्था र दफा | हाल गर्नु पर्ने संशोधन र दफा | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|
| ३२(घ) संचालकहरूको अन्य सुविधा साधारण सभाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ । | ३२(घ) संचालकहरूको अन्य सुविधा साधारण सभाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।<br>(अ) अध्यक्ष र अन्य संचालकहरूलाई टेलिफोन, मोवाइल, ईन्टरनेट र पत्रपत्रिका सुविधा वापत प्रति महिना रु. २,५००/-(दुई हजार पाँच सय) प्रदान गरिनेछ । | समयानुकुल सुविधा प्रदान गर्नु पर्ने भएकोले । |

साथै उल्लेखित पारित प्रवन्धपत्र, नियमावलीमा संशोधन अभिलेख गराउने क्रममा कम्पनी रजिष्ट्रारको कार्यालयबाट र नेपाल राष्ट्र बैंकवाट कुनै थपघट हुने भएमा सञ्चालक समितिमा छलफल गरी थपघट गर्ने गरी सञ्चालक समितिलाई अधिकार दिने निर्णय समेत गरियो ।

ग) विविध ।

विविध शीर्षक अन्तर्गत छलफलका कुनै विषय नभएको जानकारी गराइयो ।

१०. धन्यवाद ज्ञापन:

छलफलका विषय तथा प्रस्तावहरु पारित तथा अनुमोदन भएको घोषणा अध्यक्षज्युले गर्दै सभामा उपस्थित शेयरधनी महानुभावहरु, सम्वन्धित निकायका प्रतिनिधिहरु, पत्रकारहरु, बैंकका कर्मचारी, पदाधिकारीहरु एवं यो साधारणसभा सफल गराउन आफ्नो अमूल्य समय दिई सहयोग गर्नु हुने सवैलाई धन्यवाद दिदै प्रमुख कार्यकारी अधिकृतको राजिनामाको बारेमा सभामा उठेको जिज्ञासाको सम्वन्धमा प्रमुख कार्यकारी अधिकृतले घरायसी कारणले दिनु भएको राजिनामा संचालक समितिमा विचाराधीन छ, सो सम्वन्धमा कुनै निर्णय भएको छैन । करारको अवधि अझै ६ महिनाजति बाँकी नै छ । उँहाले पुऱ्याउनु भएको योगदान तथा सभाको भावना समेतलाई मध्यनजर गर्दै राजिनामाबारे पूनर्विचार गर्नु हुनेछ भन्ने अपेक्षा गर्दछु भन्दै चौथो बार्षिक साधारण सभा समापन भएको घोषणा गर्नु भयो ।

JYOTI BIKASH BANK LTD. KAMALADI, KATHMANDU

............................
मदन कुमार महत
कम्पनी सचिव/प्रवन्धक

............................
प्रचारमान सिंह प्रधान
अध्यक्ष